Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

दोश्रो पटक सूचना प्रकाशन मितिः २०८१/१/२०

**विषयः सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कारका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न स्रोत, साधन, सृजना र सीपको प्रयोग गरी सीपमूलक कार्यलाई व्यवसायिक बनाउन, उद्यमशील संस्कृतिको विकास गर्न र पर्यटनको क्षेत्रमा रोजगारी सृजना गरी उत्पादन र उत्पादकत्व वृद्धी गर्न उल्लेखनीय योगदान गरेका उत्कृष्ट महिला उद्यमीलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेकाले देहायको योग्यता पुगेका ईच्छुक महिला उद्यमीले देहायका कागजात र स्थानीय तहको सिफारिस सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. पुरस्कार प्राप्त गर्ने न्यूनतम आधार

(क) नेपाली नागरिक,
(ख) फौजदारी अभियोगमा कसूरदार नठहरिएको,
(ग) आफ्नै नामबाट उद्यम दर्ता गरी व्यवसाय संचालन गरेको,
(घ) विगत ५ वर्ष देखि निरन्तर रुपमा व्यवसाय संचालन गरेको,
(ङ) यथेष्ठ मात्रामा लगानी गर्ने स्रोत भएको,
(च) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको,
(छ) आफ्नो उद्यममा श्रम सम्बन्धी प्रचलित कानूनको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको ।

## २. पेश गर्नुपर्ने कागजातहरुः

अनुसूची-२ वमोजिमको प्रस्ताव, नागरिकताको प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, उद्योग दर्ता प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन, PAN/VAT दर्ताको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिश पत्र र विशेष प्राथमिकता समूह खुल्ने निस्सा ।

## ३. थप जानकारीः

क) उत्कृष्ट महिला उद्यमी छनौट र पुरस्कार वितरण सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको वेभसाइटमा रहेको mosd.p7.gov.np मा रहेको प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८० मा रहेको र उक्त कार्यविधी मन्त्रालयको वेभसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

ख) स्थानीय तहले उत्कृष्टमहिला उद्यमीको नामावली पठाउँदा अनुसूची १ लाई आधार मान्नु पर्नेछ ।

ग) म्याद नाघी आएका र रित नपुगेका प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन।

विकास अधिकृत